# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, पुस १३ गते २०३३ साल [ संख्या ३६


श्री ५ को सरकार

### रक्षा मन्त्रालयको

### सूचना

शाही नेपाली सेना (दैनिक तथा भ्रमण भत्ता) नियमावली, २०३३

सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "शाही नेपाली सेना (दैनिक तथा भ्रमण भत्ता) नियमावली, २०३३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) "सैनिक व्यक्ति" भन्नाले शाही नेपाली सेनाको सेवामा रहेको सैनिक कानून लागू हुने व्यक्ति सम्झनुपर्छ ।

(ख) "परिवार" भन्नाले सैनिक व्यक्तिको आफैले पालनपोषण गर्नुपर्ने पति वा पत्नी, नाबालक छोरा, अविवाहिता छोरी र आमाबाबु सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. भ्रमणमा खटाउने अधिकारीः– (१) सरकारी काममा भ्रमण वा काजमा सहायक रथी वा सोभन्दा माथिल्लोस्तरको रथीवृन्दलाई प्रधान सेनापतिले र सोभन्दा मुनिका अन्य सैनिक व्यक्तिलाई विभागीय प्रमुख, वाहिनी, गण वा गुल्मपति वा निजले अधिकार सुम्पेको अधिकृतले खटाउन सक्नेछ।

(२) विभागीय प्रमुख नजीक नभएका वाहिनी गण वा गुल्मपतिले आफ्नो क्षेत्रभित्र भ्रमण गर्न परेमा भ्रमणको कारण जनाई त्यसको सूचना आफूभन्दा माथिको अधिकृतलाई दिई स्वीकृति लिएर मात्र भ्रमणमा जान सक्नेछ।

(३) उप–नियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सैनिक व्यक्तिलाई विदेशमा भ्रमण वा काजमा खटाउन श्री ५ को सरकारले मात्र सक्नेछ।

४. भ्रमणमा खटाउने अधिकारीको कर्तव्यः– (१) सरकारी काममा भ्रमणमा खटाउँदा महालेखा परीक्षकको विभागबाट तोकिएको फाराम नं. ३ मा भ्रमण आदेश भरी दिनुका साथै भ्रमण छिटो छरितो हुने गरी यथासंभव कम खर्चिलो बाटो वा साधनबाट गर्ने खर्चको फाँटवारी बुझाउने तरीकासमेत सो भ्रमण आदेशमा तोकिदिने कर्तव्य भ्रमणमा खटाउने अधिकारीको हुनेछ।

(२) भवितव्य परी वा अन्य मुनासिव माफिकको कुनै कारणबाट भ्रमण लम्बिन गएमा त्यसको कारणहरू स्पष्ट खुलाई भ्रमणमा खटाउने अधिकारीलाई सूचना गर्नु पर्नेछ। भ्रमणमा खटाउने अधिकारीले पनि बुझी कारण मनासिव ठहराई प्रमाणित गरेमा हिसाब जाँच्ने अधिकारीले खर्च स्वीकृति दिनेतर्फ कारवाई गर्नेछ।

५. भ्रमण गर्ने तरीकाः– भ्रमण गर्दा भ्रमण आदेशमा तोकिएबमोजिम गर्नु पर्नेछ।

६. दैनिक तथा भ्रमण भत्ताको निमित्त सैनिक व्यक्तिको वर्गीकरणः– यस नियमावलीको प्रयोजनको लागि सैनिक व्यक्तिहरूलाई देहायबमोजिम वर्गीकरण गरिएको छ।

| | |
|---|---|
| (क) प्रधान सेनापतिदेखि रथीवृन्दसम्म– | प्रथम तह |
| (ख) महासेनानीदेखि सहायक सेनानीसम्म– | द्वितीय तह |
| (ग) सुबेदार र जमदार– | तृतीय तह |
| (घ) हुद्दा र सोदेखि मुनिको– | चतुर्थ तह |

७. भ्रमण भत्ता पाउनेः– (१) सरकारी कामको सिलसिलामा नेपाल अधिराज्यभित्र भ्रमण गर्नु पर्दा भ्रमणको साधन भएमा देहायका सैनिक व्यक्तिलाई देहायबमोजिम भ्रमण भत्ता दिइनेछ।

(क) प्रथम र द्वितीय तहकालाई भ्रमणको साधनमा भएसम्म प्रथम श्रेणीको भ्रमण खर्च।

332
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) तृतीय तहकालाई भ्रमणको साधनमा भएसम्म द्वितीय श्रेणीको भ्रमण खर्च,

(ग) चतुर्थ तहकालाई भ्रमणको साधनमा भएसम्म तृतीय श्रेणीको भ्रमण खर्च,

(२) भ्रमणको साधन नभई पैदल भ्रमण गर्नु पर्दा देहायका दरले भ्रमण भत्ता दिइनेछ ।

(क) प्रथम तहकालाई प्रत्येक कोषको– पाँच रूपैयाँ

(ख) द्वितीय तहकालाई प्रत्येक कोषको– चार रूपैयाँ

(ग) तृतीय तहकालाई प्रत्येक कोषको– तीन रूपैयाँ

(घ) चतुर्थ तहकालाई प्रत्येक कोषको– दुई रूपैयाँ

(३) कुनै सैनिक व्यक्तिले यस नियमावलीबमोजिम कुनै भ्रमणको साधनको टिकट लिईसकेको र कारणबस उक्त टिकट फिर्ता गर्नु पर्ने भएमा फिर्ता गरे बापत लागेको कटौती रकम भ्रमणमा खटाउने अधिकारीले स्वीकृति दिन सक्नेछ ।

(४) सरकारी घोडाको उपयोग गरी भ्रमण गरेमा पैदल भ्रमण गर्दा पाउने भत्ताको दुई–तिहाइ भत्तामात्र पाउनेछ ।

८. दैनिक भत्ता पाउने:– (१) देहायको तहका सैनिक व्यक्ति रात बिताउनु पर्ने गरी आफ्नो अड्डा रहेको सदरमुकाम बाहिर कुनै ठाउँमा भ्रमण वा काजमा खटिएमा निजले देहाय-बमोजिम दैनिक भत्ता पाउनेछ ।

(क) प्रथम तहकालाई– बाईस रूपैयाँ

(ख) द्वितीय तहकालाई– अठान्ह रूपैयाँ

(ग) तृतीय तहकालाई– बान्ह रूपैयाँ

(घ) चतुर्थ तहकालाई– सात रूपैयाँ पचास पैसा

तर राशनको व्यवस्था भएको स्थानमा खटिगएमा भने दैनिक भत्ता पाउने छैन ।

(२) नेपाल अधिराज्यभित्र अड्डा रहेको सदरमुकामबाट प्रस्थान गरेको दिन वा त्यस्तो सदरमुकाममा भ्रमणबाट फर्केको दिनको पूरै दैनिक भत्ता पाउनेछ ।

९. भ्रमणको सिलसिलामा विदा लिएमा दैनिक तथा भ्रमण भत्ता लिन नपाउने:– कुनै सैनिक व्यक्तिले भ्रमणको सिलसिलामा विशेष काम परी विदा लिई बसेमा त्यस्तो विदामा छँदाको अवधिको दैनिक तथा भ्रमण भत्ता पाउने छैन ।

१०. सरूवा बढुवा नियुक्ति भै जाँदा दैनिक तथा भ्रमण भत्ता पाउने:– सरूवा बढुवा वा नयाँ नियुक्ति भई एक जिल्लाबाट अर्को जिल्लामा जाँदा आउँदा यस नियमावलीबमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

3033

११. थप सुविधा पाउने:– (१) सरुवा बढुवा वा नयाँ नियुक्ति भई एक जिल्लाबाट अर्को जिल्लामा जाने सैनिक व्यक्तिले आफ्नो ...

आफ्नो घर भएको जिल्लामा फर्काउँदा वा सरूवा भएको जिल्लामा साथलिई जाँदा वा पछि जहिले सुकै लगेमा पनि एक पटकमा मात्र देहायबमोजिमको दैनिक तथा भ्रमण भत्ता पाउनेछः–

(क) त्यसरी जाने व्यक्तिको परिवारको प्रत्येक सदस्यलाई निजले पाउने दैनिक भत्ताको आधा मात्र ।

(ख) दश वर्ष मुनिका केटाकेटीलाई त्यस्तो व्यक्तिले पाउने भ्रमण भत्ताको आधा र सो भन्दा माथिकालाई निज व्यक्तिकै सरह ।

तर यस नियमबमोजिम परिवारलाई दैनिक तथा भ्रमण भत्ता पाउन अधिकृत-स्तरको लागि कार्यरथी विभाग, सुबेदार, जमदारको लागि वाहिनीपति वा विभागीय प्रमुख र सोभन्दा मुनिका लागि आफ्नो अड्डा, वाहिनी, गण गुल्म वा डिपोपतिबाट परिवार लैजाने स्वीकृति प्राप्त गर्नु पर्नेछ ।

(२) सरूवा बढुवा वा नयाँ नियुक्ति भई एक जिल्लाबाट अर्को जिल्लामा जाँदा देहायका तहका सैनिक व्यक्तिलाई रेलमार्ग, हवाईमार्ग र बसबाट जाँदा देहायबमोजिम अतिरिक्त तौलको भाँडा भरौटको थप विशेष सुविधा र पैदल भ्रमण गर्नु पर्ने रहेछ भने त्यस्तो व्यक्तिले पाउने भ्रमण भत्ताको दोब्बर भ्रमण भत्ता दिइनेछ ।

| | |
|---|---|
| (क) प्रथम तहकालाई– | चालीस के. जी. |
| (ख) द्वितीय तहकालाई– | पैंतीस के. जी. |
| (ग) तृतीय तहकालाई– | बीस के. जी. |
| (घ) चतुर्थ तहकालाई– | पन्ध्र के. जी. |

(३) नेपाल अधिराज्यभित्र वा बाहिर हवाई जहाज, पानी जहाज, रेल वा बसद्वारा भ्रमण गर्दा देहायका सैनिक व्यक्तिले देहायबमोजिमको रकमको बीमा खर्च पाउने छन्:–

| | |
|---|---|
| (क) प्रथम र द्वितीय तहकालाई– | दुईलाख रूपैंयाँ |
| (ख) तृतीय र चतुर्थ तहकालाई– | एकलाख रूपैंयाँ |

तर त्यस्तो व्यक्तिले आफू स्वदेश वा विदेश खटिई गएको कामको अवधिभरको लागि एउटै व्यापक (कम्प्रेहेन्सिभ) बीमा गराउँदा पनि त्यस्तो खर्च पाउनेछ ।

(४) कुनै सैनिक व्यक्ति राजीनामा बाहेक अरू जुनसुकै कारणबाट भए पनि सरकारी सेवाबाट अलग भई घर फर्कनु परेमा जुन दर्जाबाट अलग भएको छ सोही दर्जा अनुसारको दैनिक तथा भ्रमण भत्ता र यस नियमावलीबमोजिम निजकै परिवारले पाउने दैनिक तथा भ्रमण भत्ता पनि निजलाई बहाल टुटेको अड्डाबाट दिइनेछ ।

336

(५) कुनै सैनिक व्यक्ति आफू खटिएको जिल्लामा मृत्यु भएमा निजको परिवारलाई घर फर्कंदा यस नियमावलीबमोजिम पाउने दैनिक तथा भ्रमण भत्ता त्यस्तो व्यक्ति खटिएको ठाउँबाट दिइनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर त्यस्तो व्यक्ति खटिएको जिल्ला बाहेक अन्यत्र गई बसेको परिवारका सदस्यलाई भने यस उप–नियमबमोजिम दैनिक तथा भ्रमण भत्ता दिइने छैन ।

(६) अनुसूची १ मा लेखिएका ठाउँहरूमा र श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अन्य कुनै ठाउँमा भ्रमण गर्नु पर्दा वा काजमा रहनु पर्दा सोही अनुसूचीमा लेखिएबमोजिम थप दैनिक तथा भ्रमण भत्ता दिइनेछ।

. कायम मुकायम भई जाँदा पाउने दैनिक तथा भ्रमण भत्ताः– (१) एक जिल्लाबाट अर्को जिल्लामा कायम मुकायम भै जाने सैनिक व्यक्तिले जुन पदमा कायम मुकायम भई गएको छ सोही पदको दैनिक तथा भ्रमण भत्ता पाउनेछ र कायम मुकायम समाप्तभई फर्कनु पर्दा अघि जाँदा जुन पदको दैनिक तथा भ्रमण भत्ता पाएको थियो सोही-बमोजिम फर्कदा पनि पाउनेछ ।

(२) कायम मुकायम भई जाने सैनिक व्यक्तिले दुई महीनाभन्दा बढी कायम मुकायम भई बस्नु परेमा यस नियमावलीबमोजिम परिवारले पाउने सुविधासमेत पाउनेछ।

१३. भ्रमणमा जाँदा बिरामी परेमाः– (१) कुनै सैनिक व्यक्ति आफ्नो भ्रमणको सिल-सिलामा बिरामी भई रोकिनु परेमा निजले सात दिनसम्म यस नियमावलीबमोजिम पाउने दैनिक भत्ता पाउनेछ । सात दिनभन्दा बढी बिरामी परेमा त्यस ठाउँमा शाही नेपाली सेनाको ब्यारेक नभएमा पाए स्वीकृत चिकित्सक नपाए स्थानीय अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारीको सिफारिशमा अर्को सात दिनसम्मको पनि दैनिक भत्ता पाउन सक्नेछ ।

तर यसरी बिरामी भएकै अवस्थामा फर्कदा वा सरूवा बढुवा भई जानेले आफू ठेकिएको अड्डामा नपुगेसम्म दोब्बर भ्रमण भत्ता पाउनेछ।

(२) भ्रमणको सिलसिलामा कडा रोग लागी बिरामी परेको भनी स्वीकृत चिकित्सक, स्थानीय अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारीको सिफारिश भई विभा–गीय प्रमुख वा अड्डा प्रमुखले मनासिव ठहराएमा त्यस्तो बिरामी व्यक्तिलाई सात दिनसम्मको नियमबमोजिम पाउने दैनिक भत्तामा शत प्रतिशत थप निकासा गरी दिन सक्नेछ ।

(३) उप–नियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बिरामी परेको ठाउँमा अस्पताल रहेछ र त्यहाँ निःशुल्क खाना बस्नाको व्यवस्था भए त्यस्तो बिरामी व्यक्ति अस्पतालमा बसेमा यस नियमावलीबमोजिम दिइने दैनिक तथा भ्रमण भत्ता दिइने छैन।

332

(४) कुनै व्यक्ति बिरामी हुँदा स्थानीय चिकित्सकले एक स्थानबाट अर्को स्थानमा औषधि उपचारको लागि पठाउन [illegible] छ।

बिरामीले सवारी साधन भएको ठाउँमा सवारी साधनको खर्च र सवारी साधन नभएको स्थानमा बोकाई लैजानु पर्ने भएमा बोकाई लगे बापतको खर्च पाउनेछ ।

(५) यस नियमावलीबमोजिम भ्रमणमा जाँदा कुनै व्यक्ति औषधि उपचार हुन नसक्ने ठाउँमा अशक्त बिरामी भएमा नजिकको वा जुनसुकै अड्डाले आफ्नो जुनसुकै बजेट रकम बाट भए पनि औषधि उपचारसमेतलाई लाग्ने खर्च उपलब्ध गराई यथाशक्य चाँडो कुनै साधनद्वारा त्यस्तो बिरामी व्यक्तिलाई डाक्टर भएको नजिकको अस्पतालमा पुऱ्याई दिनुपर्छ । त्यस्तो अड्डाले त्यसरी गरेको खर्चको रकम प्रबन्ध रथी विभाग (चल्ती) शाही नेपाली जङ्गी अड्डाबाट सोधभर्ना गरी दिनेछ ।

१४. काजको अवधि अनुसार दैनिक भत्ता पाउने :– (१) कुनै सैनिक व्यक्ति एउटै जिल्लामा बढीमा ३ महीनासम्मको अवधिको लागि काज खटिएमा निजले तीन महीनासम्म पूरै दैनिक भत्ता पाउनेछ र पूरा दैनिक भत्ता पाउन्जेल निजले स्थानीय भत्ता पाउने छैन ।

(२) कुनै सैनिक व्यक्ति एउटै जिल्लामा तीन महीना भन्दा बढी अवधिकालागि काज खटिएमा त्यस्तो व्यक्तिले काजको अवधिभर एक चौथाईको दरले मात्र दैनिक भत्ता पाउनेछ । एक चौथाई मात्र दैनिक भत्ता पाउने अवस्थामा निजले स्थानीय भत्ता पनि पाउनेछ ।

(३) काज खटिएको जिल्लामा आफ्नो स्थायी घरबास भएको कुनै सैनिक व्यक्तिले यस नियमावलीबमोजिम दैनिक भत्ता पाउने छैन ।

१५. दैनिक तथा भ्रमण भत्ता पेश्की पाउने :– यस नियमावलीबमोजिम पाउने दैनिक तथा भ्रमणभत्ता हालका अड्डा मार्फत हिसाब बुझाउने गरी साबिक अड्डाबाट पेश्कीको रूपमा लिन पाउनेछ ।

१६. भ्रमणसम्बन्धी बिल भरपाईहरू :– यस नियमावलीबमोजिम भ्रमण गर्दाको भ्रमण खर्च स्वीकृतिको निमित्त सम्बन्धित व्यक्तिले महालेखा परीक्षकको विभागबाट तोकिएको फाराममा हिसाब जाँच्ने अधिकारीद्वारा स्वीकृति गरिएको साधारणतः बिल भर्पाई नदिने कलमहरूमा बाहेक अरू बिल भरपाईहरू संलग्न राखी पेश गर्नु पर्नेछ ।

तर बीमाको हकमा नम्बर मात्र पेश गरे हुन्छ ।

१७. अड्डाहरूको दूरीको विवरण राख्नु पर्ने :– प्रत्येक जिल्लामा वाहिनी, गण वा गुल्मले आ–आफ्नो जिल्लाभित्रको ठाउँ ठाउँको दूरी (फासला) को विवरण जिल्ला पञ्चायत कार्यालयको सचिवबाट प्रमाणित गराई राख्नु पर्नेछ । यसैबाट पैदल भ्रमण गर्दा कोशको हिसाब गर्नेछ ।

३३६

तर अन्य जिल्लाबाट भ्रमण गर्ने व्यक्तिको हकमा वाहिनी, गण वा गुल्मको विभागीय प्रमुखको निर्णयबमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. दैनिक तथा भ्रमण भत्ता नपाउने:– (१) यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि पहाडी क्षेत्रको हकमा अड्डा रहेकै ठाउँ र त्यसको चारैतिर तीन तीन माईल र सो बाहेक अन्य क्षेत्रमा अड्डा रहेको ठाउँ र त्यसको चारैतिर पाँच पाँच माईलभित्र सरकारी काममा भ्रमण गर्दा यस नियमावलीबमोजिमको दैनिक तथा भ्रमण भत्ता पाउने छैन ।

(२) उप–नियम (१) मा तोकिएको क्षेत्र बाहिर भ्रमणमा जाँदा अड्डा रहेको ठाउँबाट भ्रमणमा जाने ठाउँसम्म बस सेवाको सुविधा उपलब्ध छ र भ्रमणमा रात बिताउनु पर्ने रहेनछ भने त्यसरी भ्रमणमा जाँदा दैनिक तथा भ्रमण भत्ता दिइने छैन । तर बसको लागेको टिकट खर्च भने पाउनेछ ।

१९. विदेशमा जाँदाको भ्रमण भत्ता:– सरकारी कामको सिलसिलामा विदेशमा जानु पर्दा देहायका सैनिक व्यक्तिलाई देहायका दरले भ्रमण भत्ता दिइनेछ ।

(क) प्रथम तहका व्यक्ति अन्तरराष्ट्रिय सम्मेलनमा भाग लिन नेता भै जाँदा प्रथम श्रेणीको भ्रमण खर्च ।

(ख) खण्ड (क)देखि बाहेक अरू अवस्थामा सबै तहकालाई इकोनोमि क्लासको भ्रमण खर्च ।

२०. विदेशमा जाँदाको दैनिक भत्ता:– (१) कुनै सैनिक व्यक्तिलाई अन्तरराष्ट्रिय सम्मेलन सेमिनार, समारोह वा निमन्त्रणा वा अन्य कुनै सरकारी कामको सिलसिलामा विदेशमा खटाइएमा अनुसूची २ मा तोकिएको मुलुकहरूमा अनुसूची ३ मा तोकिएको दरले दैनिक भत्ता दिइनेछ ।

(२) मित्रराष्ट्र वा अन्तरराष्ट्रिय संस्थाको तर्फबाट खाना बस्नेको सबै प्रबन्ध हुने भएमा त्यस्तो व्यक्तिलाई दैनिक भत्ता नदिई यस नियमबमोजिम पाउने दैनिक भत्ता-को एक चौथाई मात्र पाकेट खर्चको रूपमा दिइनेछ । तर यसरी खाना बस्नाको लागि दैनिक भत्ता दिइने भएमा र त्यस्तो दैनिक भत्ता यस नियमबमोजिम पाउने दैनिक भत्ताभन्दा कम हुने भएमा कम भई नपुग भएको जति रकम सो व्यक्तिले थप पाउन सक्नेछ ।

(३) जुन देशमा जाने भनी खटिएको छ सो देशमा जाँदा आउँदा बाटोमा पर्ने मुलुकहरूमा ती मुलुकहरूमा जति पाउने भनी व्यवस्था भएको छ सोहीबमोजिममात्र पाइनेछ ।

(४) विदेशमा जाँदा वा विदेशबाट फर्कंदा बाटोमा पर्ने कुनै मुलुकमा सवारी साधन उपलब्ध गर्नु पर्दा सवारी उपलब्ध गराउने संस्थाले खाने बस्ने प्रबन्ध नगरेकोमा अनुसूची ३ बमोजिम सो मुलुकमा पाइने पूरै दैनिक भत्ता दिइनेछ । तर खान बस्न प्रबन्ध भएकोमा एक चौथाई मात्र दैनिक भत्ता दिइनेछ ।

336

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) अन्तरराष्ट्रिय सेमिनार, सम्मेलन आदिमा जाँदा बाटोमा र सम्मेलन शुरू हुने अघिल्लो दिनदेखि समाप्त भएको भोलिपल्टसम्मलाई जति दिन लाग्छ त्यसभन्दा बढी आफूखुशी मुकाम गरेकोमा दैनिक भत्ता पाउने छैन ।

(६) विदेशमा भ्रमणमा जाँदा प्रस्थान गरेको दिनको पूरै दिनको दैनिक भत्ता पाउनेछ ।

(७) तालीममा जाँदा श्री ५ को सरकारबाट स्वीकृत नियमअनुसार भत्ता पाउनेछ ।

२१. नेता भै जानेलाई थप भत्ता पाउने:– यी नियमहरूमा जुनसुकै कुरा लेखिएको तापनि अन्तरराष्ट्रिय सम्मेलन, सेमिनार, समारोह आदिमा भागलिन जाने प्रतिनिधि–मण्डलको नेता भै जाने व्यक्तिले आफूले पाउने दैनिक भत्ताको दरमा रोज एकको सयकडा पचीसको दरले थप भत्ता पाउनेछ । एक सदस्सीय प्रतिनिधिमण्डलका हकमा पनि यो नियम लागू हुनेछ ।

२२. भैपरि आउने खर्चको व्यवस्था:– अन्तरराष्ट्रिय सेमिनार सम्मेलन आदिमा भागलिन जाँदा श्री ५ को सरकारले निर्णय गरेबमोजिमको रकम भैपरि आउने खर्च बापत पाउनेछ।

२३. लुगा भत्ता:–(१) अन्तरराष्ट्रिय सम्मेलन, सेमिनार, बैठक, निमन्त्रणा तालीम, अध्ययनमा भाग लिन जाने देहायका सैनिक व्यक्तिले देहायका मुलुकहरूमा जाँदा देहायको दरले लुगा भत्ता पाउनेछ र यसरी लुगा भत्ता दिंदा भारत बाहेक अन्य मुलुकमा जाने सैनिक व्यक्तिलाई लुगा भत्ताको पचास प्रतिशत विदेशी मुद्रामा र पचास प्रतिशत रूपैयाँमा दिइनेछ ।

(क) भारत, पाकिस्तान, बंगलादेश, बर्मा र श्रीलंका जाने रथीबृन्ददेखि सहायक सेनानीसम्मलाई एकहजार रूपैयाँ र सोदेखि मुनिका सबैलाई छ सय रूपैयाँ ।

(ख) खण्ड (क) मा उल्लेख भएका मुलुकहरू बाहेक अन्य मुलुकहरूमा जाने रथीबृन्ददेखि सहायक सेनानीसम्मलाई सोह्रसय रूपैयाँ र सोदेखि मुनि सबैलाई एकहजार रूपैयाँ ।

तर साधारणतया जहाँ जानु पर्ने हो सो ठाउँमा जाने कार्यक्रम आदि सबै कुरा ठीक तथा निश्चित नभई कुनै पनि सैनिक व्यक्तिलाई लुगा भत्ता दिइने छैन।

(२) उप–नियम (१) को प्रतिबन्धात्मक वाक्यांशबमोजिम जाने कार्यक्रम ठीक तथा निश्चित भई लुगा भत्ता लिई सकेपछि श्री ५ को सरकारको निर्णयले जान नपाउने भएमा सो लुगा भत्ता बापत पाएको रूपैयाँ विदेशी मुद्रामा सटही गरी सकेको जति तुरुन्त र बाँकी रूपैयाँ खर्च गरिसकेको भए बिना सूद वर्षदिनको किस्ताबन्दिमा फिर्ता गर्नु पर्नेछ । ३३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) यस नियमबमोजिम लुगा भत्ता पाउने व्यक्तिले स्वयम् जान नचाहेमा वा राजीनामा दिएमा वा सरकारी नोकरीबाट बर्खास्त भएमा सयकडा दश सूदसमेत लगाई जान नचाहेको वा राजीनामा स्वीकृत भएको वा नोकरीबाट बर्खास्त भएको पैंतीस दिनभित्र एकमुष्ट फिर्ता गर्नु पर्नेछ।

(४) उप-नियम (२) बमोजिम अवस्था परी जान नपाउने भएमा लुगा भत्ता लिने व्यक्ति बहालवाला भए तलब खुवाउने अधिकारीले निजको तलबबाट कट्टा गरी असूल गर्नुपर्छ र बहाल टुटेको भए पैंतीस दिन नाघेपछि लुगा भत्ता बापत पाएको रूपैयाँ निजसंग प्रचलित कानूनबमोजिम सरकारी बाँकी सरह असूल उपर गर्नुपर्छ ।

(५) कायम मुकायम भएको व्यक्ति विदेश जाने भई यस नियमबमोजिम लुगा भत्ता पाउने भएमा निजलाई आफ्नो पदाधिकार कायम रहेकै पदको लुगा भत्ता दिइनेछ ।

(६) अन्तरराष्ट्रिय सम्मेलनमा भागलिन वा कुनै उत्सव आदिमा श्री ५ को सरकारबाट खटिई वा तालीममा जाने कुनै सरकारी वा अन्य कुनै संस्थाबाट लुगा भत्ता पाएको मितिले तीन वर्ष भुक्तान नभई अर्को लुगा भत्ता पाउन सक्ने छैन ।

(७) लुगा भत्ता निकासा दिनेले दोहोरो पर्ने गरी दिन हुँदैन र लुगा भत्ता लिनेले पनि दोहोरो पर्ने गरी लिन हुँदैन । जानि जानि यस्तो दोहोरो पर्ने गरी लिने दिने दुवैसंग आवश्यक कारवाही गरी लुगा भत्ताको बिगो लुगा भत्ता लिनेसंग असूल उपर गरिनेछ ।

(८) अन्तरराष्ट्रिय सम्मेलन आदिमा भाग लिन श्री ५ को सरकारबाट खटिई वा तालीममा विदेश जानेले कुनै सरकारी वा अन्य कुनै संस्थाबाट लुगा भत्ता पाएमा यस नियमावली बमोजिम पाउने रकममा नपुग जति मात्र श्री ५ को सरकारबाट थप दिइनेछ ।

२४. विशेष व्यवस्थाः– यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि भौगोलिक, प्राकृतिक वा हावापानीसम्बन्धी कठिनाइको दृष्टिले नेपाल अधिराज्यको कुनै भागमा बसी काम गर्ने सैनिक व्यक्तिलाई समय समयमा भएको श्री ५ को सरकारको निर्णयबमोजिम दिई आएको वा दिइने दुर्गम स्थान, लुगा, औषधि वा त्यस्तै अरू थप भत्तालाई यस नियमावलीमा लेखिएको कुनै कुराले प्रतिकूल असर पारेको मानिने छैन ।

२५. यी नियमहरूबमोजिम नगरेमा हुनेः– यस नियमावली उल्लंघन गर्ने सैनिक व्यक्तिलाई प्रचलित नेपाल कानूनबमोजिम सजाय गर्न सकिनेछ ।

२६. खारेजी र बचाउः– शाही सेना (दैनिक तथा भ्रमण भत्ता) नियमहरू, २०२७ खारेज गरिएको छ ।

(२) यस नियमावलीमा लेखिएजति कुराहरूमा यसै नियमावलीबमोजिम र अरूमा प्रचलित नेपाल कानूनबमोजिम हुनेछ । 338

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१

(नियम ११ को उप–नियम (६) सित सम्बन्धित)

थप दैनिक तथा भ्रमण भत्ता दिइने जिल्लाहरू तथा स्थानहरू

(क) पचहत्तर प्रतिशत दैनिक तथा भ्रमण भत्ता थप दिइने जिल्ला तथा स्थानहरू

(१) दार्चुला जिल्ला (व्यास गोर्खा)
(२) बझाङ जिल्ला
(३) बाजुरा जिल्ला
(४) हुम्ला जिल्ला
(५) मुगू जिल्ला
(६) जुम्ला जिल्ला
(७) तिब्रिकोट जिल्ला
(८) डोल्पा जिल्ला
(९) मुस्ताङ जिल्ला (टुकुचे उत्तर)
(१०) मनाङ जिल्ला
(११) गोर्खा जिल्ला (जगात उत्तर)
(१२) धादिङ जिल्ला (नुम उत्तर)
(१३) रसुवा जिल्ला
(१४) दोलखा जिल्ला
(१५) सोलुखुम्बू जिल्ला (चौंरी खर्क उत्तर)
(१६) संखुवासभा जिल्ला (नुम उत्तर)
(१७) ताप्लेजुङ जिल्ला
(१८) सिन्धुपाल्चोक जिल्ला (लिस्ती थुम र पालचोक थुम हेल्मु) ।

(ख) पचास प्रतिशत दैनिक तथा भ्रमण भत्ता थप दिइने जिल्ला तथा स्थानहरू

(१) दार्चुला जिल्ला (व्यास गोर्खा बाहेक) सबै
(२) डोटी जिल्ला
(३) अछाम जिल्ला
(४) दैलेख जिल्ला
(५) जाजरकोट जिल्ला
(६) रूकुम जिल्ला
(७) रोल्पा जिल्ला
(८) मुस्ताङ जिल्ला (टुकुचेदेखि दक्षिण भाग)
(९) म्याग्दी जिल्ला
(१०) बाग्लुङ जिल्ला
(११) गुल्मी जिल्ला
(१२) पर्वत जिल्ला
(१३) लमजुङ जिल्ला
(१४) धादिङको बाँकी जिल्लाको भाग
(१५) गोरखा जिल्लाको बाँकी भाग
(१६) रामेछाप जिल्ला

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१७) ओखलढुङ्गा जिल्ला
(१८) सोलुखुम्बू जिल्ला (दक्षिण)
(१९) खोटाङ जिल्ला
(२०) भोजपुर जिल्ला
(२१) संखुवासभा जिल्ला (दक्षिण)
(२२) तेन्हथुम जिल्ला
(२३) पाँचथर जिल्ला
(२४) बैतडी जिल्ला
(२५) डडेलधुरा जिल्ला
(२६) प्यूठान जिल्ला
(२७) सल्यान जिल्ला

(ग) पच्चीस प्रतिशत दैनिक तथा भ्रमण भत्ता थप दिइने जिल्ला तथा स्थानहरू

(१) कैलाली जिल्ला (पुरानो डोटी जिल्लाको भाग)
(२) सुर्खेत जिल्ला
(३) अर्घाखाँची जिल्ला
(४) पाल्पा जिल्ला
(५) स्याङ्जा जिल्ला
(६) तनहुं जिल्ला
(७) सिन्धुली जिल्ला
(८) उदयपुर जिल्ला
(९) धनकुटा जिल्ला
(१०) इलाम जिल्ला

अनुसूची– २
(नियम २० को उप–नियम (१) सित सम्बन्धित)
विदेश भ्रमणको लागि देशहरूको वर्गीकरण

(क)

१. उत्तर अमेरिका
२. मध्य अमेरिका
३. दक्षिण अमेरिका
४. पश्चिम यूरोप
५. जापान
६. अष्ट्रेलिया
७. न्यूजिलैण्ड

(ख)

१. खण्ड (क) र (ग) मा परेका बाहेक अन्य सबै मुलुकहरू

(ग)

१. भारत

389

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।